# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

---

## बैठक-६२

मितिः २०७८/०९/२३ गते बिहान ८:०० बजे

निर्णयहरुः

१. यस समिति अन्तर्गत बेरुजू छलफल गर्न गठित उपसमितिले मिति २०७८/०६/१३ गते भक्तपुर अस्पतालको अनुगमन गर्ने क्रममा अस्पताल हाताभित्र साझा स्वास्थ्य सेवा, काठमाण्डौंले अबैधानिक रुपमा फार्मेसी सञ्चालन गरेको देखिएको र अस्पताल प्रशासनबाट समेत गुनासो आएकोले सो सम्बन्धमा प्रदेश स्वास्थ्य मन्त्रालय (अस्पताल प्रशासनसहित) सँग छलफल हुँदा भक्तपुर अस्पताल र साझा स्वास्थ्य सेवा संस्थाबीच विभिन्न मितिमा सम्झौता भए बमोजिम नियमित रुपमा औषधी बिक्री कक्ष सञ्चालन गर्दै आएकोमा मिति २०७५/११/०७ मा एक वर्षको लागि पुनः सम्झौता भई मिति २०७६/११/०६ मा उक्त सम्झौताको समयावधि सकिएपश्चात् पनि सम्झौता नगरी निरन्तर सञ्चालन गरिरहेको, यस अघि भएको सम्झौता बमोजिम बुझाउनुपर्ने रकम नबुझाएको र लेखापरीक्षण प्रतिवेदनले औंल्याएको बेरुजू रकम रु.१५५९५४६/५५ अस्पतालको खातामा दाखिला गरेको देखिएन, संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वयमं अस्पतालले समेत उक्त औषधी बिक्री कक्ष खाली गर्न निर्देशन गरेकोमा हालसम्म पनि खाली नगरी अटेर गरी विना सम्झौता अबैधानिक रुपमा सरकारी हाताभित्र पसल सञ्चालन गरेकोले सम्बन्धित् संस्थाले सम्झौता बमोजिम तिर्नुपर्ने हालसम्मको रकम असुलउपर गरी एक महिनाभित्र उक्त औषधी बिक्री कक्ष हटाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने।